"ललितपुरको समृद्धि र सुशासनको आधार,

सम्पदा, संस्कृति सहितको स्मार्ट सेवा र पूर्वाधार।

**ललितपुर महानगरपालिकाका उप प्रमुख श्री मञ्जली शाक्य बज्राचार्यबाट**

**२०८० असार १० गते प्रस्तुत आर्थिक वर्ष ०८०/०८१ को बजेट वक्तव्य:**

सभाका श्रद्धेय अध्यक्ष तथा नगर प्रमुखज्यू,

नगर सभा सदस्यहरु,

अन्य उपस्थित महानुभावहरु,

ज्वजलपा ! अभिवादन ! नमस्कार !

ललितपुर महानगरपालिकाको यस सम्मानित तेस्रो नगरसभाको तेस्रो दिनको यस अवसरमा ललितपुर महानगरपालिकाको उप प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष ०८०/०८१ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित भएको महशुस गरेको छु। यस अवसरमा म यहाँहरु सवैलाई हार्दिक स्वागत गर्दछु।

देश र जनता, संघीयता ,गणतन्त्र, जनआन्दोलन तथा विविध किसिमका परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने शहिदहरुको स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु। साथै ललितपुर नगरीको कला, संस्कृति, सम्पदा संरक्षण तथा विकास निर्माणमा महत्वपूर्ण योगदान दिई यस नगर तथा समग्र राष्ट्रको श्रीवृद्धि गर्नका लागि अग्रणी भूमिका निर्वाह गर्नु हुने अग्रज ललितपुरवासीहरु प्रति हार्दिक नमन गर्न चाहान्छु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा कोभिड संक्रमणले पारेको प्रभाव, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणबाट सिर्जित आर्थिक सङ्कट लगायतका कारणले समग्र आर्थिक क्षेत्रमा पारेको नकरात्मक प्रभावलाई दृष्टिगत गरी सकेसम्म त्यस्ता प्रभावलाई न्यूनिकरण गर्ने गरी यो बजेट तर्जुमा गरिएको छ।

सिमित स्रोत तथा साधन एवम् अर्थतन्त्रमा परेको प्रभावका विच नगरवासीहरुको असिमित माग र चाहनाहरुलाई अधिकतम सम्बोधन हुने गरी बजेट तर्जुमा गर्नु पक्कै पनि चुनौतिपूर्ण रहेको व्यहोरा यहाँहरु समक्ष राख्न चाहान्छु। माथि उल्लेखित कुराहरुका बाबजुद उपलब्ध साधन स्रोतलाई अधिकतम परिचालन मार्फत नगरवासीको सर्वोपरी हितलाई केन्द्रविन्दुमा राखी यो बजेट तर्जुमा गरिएको छ।

जनताका चाहना र आवश्यकता बमोजिम नीति कार्यक्रम र नीति कार्यक्रम बमोजिम बजेट ल्याउने हाम्रो जिम्मेवारी हो। जनताको सन्तुष्टी नै हाम्रो सफलता भएकोले यसपटकको बजेटबाट जनचाहना र अपेक्षा सम्बोधन गर्नको लागि भरपुर कोशिस गर्ने छौं। हुनत जनताको आवश्यकता, चाहना, माग अत्यधिक छन् भने हाम्रो बजेट तथा राजश्वको सीमा सिमित छ तैपनि नीतिमा राखिएका हरेक

विषयको सम्बोधन बजेट कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिनेछ।हाम्रो चाहना स्वच्छ, हराभरायुक्त, उद्यमीले भरिएको सांस्कृतिक सम्पदा सहितको आत्मनिर्भर, समृद्ध सास्कृतिक नगर बनाउनु हो ।

**नगर सभा सदस्यहरु,**

अब म यस महानगरपालिकाको चालु आर्थिक बर्षको विनियोजित बजेट र जेष्ठ मसान्तसम्मको खर्च तथा समग्र वित्तीय अवस्थाको वारेमा संक्षिप्त वुँदागत रुपमा चर्चा गर्न चाहान्छु। भौतिक प्रगतिका सम्बन्धमा यस अघि यसै नगरसभामा पेश भएको नीति तथा कार्यक्रममा उल्लेख भइसकेको व्यहोरा स्मरण गराउँछु।

१. चालु आर्थिक बर्षका लागि प्रस्तुत भएको बजेट रु. ६ अरव ३५ करोड ३५ लाख ३ हजार र दोस्रो नगर सभाले पारित गरेको रु. १ अरव १५ करोडको पुरक बजेट सहित जम्मा रु. ७ अरव ५० करोड ३५ लाख ३ हजार रहेकोमा सो मध्ये चालु खर्च तर्फ रु. २ अरव ३१ करोड २६ लाख ५४ हजार र पुँजीगत खर्च तर्फ रु. ५ अरव १९ करोड ८ लाख ४९ हजार विनियोजन भएको थियो।

२. २०८० जेष्ठ मसान्तसम्मको कुल खर्च रु. ४ अरव १३ करोड ४१ लाख १८ हजार भएको देखिन्छ। जसमध्ये चालु खर्च तर्फ रु. २ अरव ४९ लाख ६३ हजार र पुँजीगत खर्च तर्फ रु. २ अरव १२ करोड ९१ लाख ५५ हजार खर्च भएको देखिन्छ। असार मसान्तसम्म कुल खर्च प्रतिशत विनियोजित बजेटको ६५% पुग्ने संशोधित अनुमान गरिएको छ। समग्र खर्च प्रतिशत गत आ.व. कै हाराहारीमा रहने अनुमान गरिएको छ।

३. पुँजीगत तर्फको जेष्ठ मसान्तसम्मको कुल खर्च प्रतिशत ४३.५% र विषय क्षेत्रगत तर्फको खर्च अनुपात लगभग ४०% खर्च भएको देखिन्छ।सोही अवधिमा वडा तर्फको खर्च अनुपात ५६% रहेको देखिन्छ र नगरस्तरीय योजना लगायत अन्य आयोजनाको खर्च अनुपात ४०% रहेको देखिन्छ।

४. माथि उल्लेखित विवरण अनुसार पुँजीगत खर्चको अनुपात हेर्दा विगत वर्षको तुलना खासै बढ्न सकेको देखिदैन।

५. पुँजीगत खर्च अनुपात वृद्धिका लागि संरचनागत, नीतिगत र कार्यशैलिगत सुधार गर्नु पर्ने कुरा माथि उल्लेखित पुँजीगत खर्च अनुपातले प्रष्ट नै झल्काएको छ।

**नगर सभा सदस्यहरु,**

आगामी आर्थिक वर्षको बजेट विवरण प्रस्तुत गर्ने सन्दर्भमा अवलम्बन गरिएका मूलभुत मार्गदर्शन बजेटको लक्ष्य, उद्देश्य, प्राथमिकता र बजेटको सारांश यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु। महानगरपालिकाको दीर्घकालीन सोंच र सो अनुसारका नीतिहरु यस अघि यसै नगरसभामा प्रस्तुत भइसकेकोछ।

**बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका मूलभुत मार्गदर्शनहरुः**

१. नेपालको संविधान, २०७२ मा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार क्षेत्र र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. दिगो विकासका लक्ष्यले निर्धारण गरेका क्षेत्रगत लक्ष्यहरु तथा क्षेत्रगत नीतिहरु,
४. पन्ध्रौ योजनाका नीति, सिद्धान्त र कार्यक्रमहरु,
५. संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु,
६. अन्तर्राष्ट्रियस्तरमा नेपालले गरेका प्रतिवद्धताहरु,
७. स्थानीय तहको बजेट तर्जुमाका लागि राष्ट्रिय योजना आयोगले जारी गरेको दिग्दर्शन,
८. यस सभामा प्रस्तुत आर्थिक बर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम,
९. संघीय सरकार र बागमती प्रदेश सरकारले प्रस्तुत गरेको आर्थिक बर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम,
१०. ललितपुर जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने माननीय सांसदज्यूहरु, सल्लाहकारज्यूहरु तथा सरोकारवाला पक्षहरुसँग भएको छलफलमा प्रस्तुत भएका सुझावहरु,
११. सार्वजनिक सुनुवाईमा नगरवासीहरुबाट व्यक्त भएका जनसरोकारका विषयहरु,
१२. विगतको नीती तथा कार्यक्रम र बजेटको समीक्षा
१३. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमा र मार्गदर्शन,
१४. नगरवासीहरुको माग, चाहना र अपेक्षा।

**बजेटको मूलभूत लक्ष्यः**

यस महानगरपालिकाले निर्धारण गरेको दीर्घकालिन सोंच "ललितपुर नगर : स्वस्थ समुन्नत सांस्कृतिक शहर" र यस वर्षका लागि तय गरिएको "ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा, संस्कृति सहितको स्मार्ट सेवा र पूर्वाधार।" भन्ने नारालाई आधार मानी "सांस्कृतिक र आर्थिक रुपले समृद्ध शहरको रुपमा विकास गर्ने" मूलभुत लक्ष्य परिपूर्तिका लागि देहाय बमोजिमका उद्देश्य र प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरिएको व्यहोरा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहान्छु।

**उद्देश्यः**

हाम्रो मूल नारालाई आत्मसात गर्दै यस ऐतिहासिक सांस्कृतिक नगरीलाई समृद्व र सुशासनयुक्त बनाउँदै सम्पदा, संस्कृति, दिगो पूर्वाधार, हरियाली प्रवर्द्धन, पर्यावरण, आत्मनिर्भर अर्थतन्त्र, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य उपचार, सामाजिक विकास, युवा रोजगार साथै बालबालिका र अपाङ्गतामैत्री नगर बनाउनु र लैङ्गिक समानता कायम गर्नु हाम्रो मुख्य ध्येय हो। त्यसैगरी प्रत्येक घरमा स्वच्छ खानेपानी पुर्‍याउनु र एक टोल/समूह एक उद्यमी बनाउनु हाम्रो अर्को मुख्य उद्देश्य हो। मुख्य उद्देश्यहरुलाई बुँदागत रुपमा निम्नानुसार रहेका छन :

१. तिव्र, दिगो र व्यवस्थित पूर्वाधार निर्माण सहितको समृद्ध शहर बनाउनु,
२. नगरवासीहरुमा सुलभ, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्नु,

३. स्थानीय उत्पादन र उत्पादकत्व वृद्धिका लागि सहजीकरण गर्नु,

४. स्थानीय कला, संस्कृति तथा सम्पदाको समुचित संरक्षण र सम्बर्द्धन गर्नु,

५. स्थानीय स्रोत साधनको संरक्षण र समुचित परिचालन तथा सार्वजनिक जग्गाको संरक्षण गर्नु,

६. विपद व्यवस्थापन, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्वन गर्नु।

७. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र सुशासनको प्रत्याभूति कायम गर्नु।

**प्राथमिकताः**

१. संस्थागत सुदृढिकरण र सुशासन ।

२. दिगो पूर्वाधार तथा शहरी विकास ।

३. कला, संस्कृति, सम्पदा संरक्षण र सम्वर्द्धन ।

४. सुलभ आधारभूत स्वास्थ्य सेवा र नगरवासीको जीवन रक्षा।

५. रोजगारमूलक एवम् स्तरीय आधारभूत शिक्षा।

६. लैंङ्गिक समानता, महिला शसक्तीकरण तथा सामाजिक समावेशीकरण ।

७. वातावरण संरक्षण।

८. स्थानीय सहकारी तथा उद्यम व्यवसायको प्रर्वद्धन र विकास।

९. पर्यटन क्षेत्रको प्रवर्द्धन।

१०. अपाङ्गतामैत्री व्यवहार र व्यवस्था।

११. युवा तथा खेलकुद।

१२. बालमैत्री व्यवहार र व्यवस्था।

१३. विपद जोखिम न्यूनीकरण र उद्धार ।

१४. रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण ।

१५. निजी क्षेत्र, गैरसरकारी संस्था र नागरिक समाजसँग सहकार्य ।

१६. प्रविधियुक्त एवम् नागरिक मैत्री र जवाफदेही सेवा प्रवाह।

**नगर सभा सदस्यहरु,**

अव म यस महानगरपालिका आगामी आर्थिक वर्ष २०८०/८१ को लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमा बमोजिम विनियोजन गरिएका क्षेत्र तथा कार्यक्रमहरुको बारेमा संक्षिप्त प्रकाश पार्न चाहान्छु।

१. चालु आर्थिक वर्षका लागि कुल वार्षिक बजेट (पुरक बजेट सहित) रु. ७ अरव ५० करोड ३५ लाख ३ हजार रहेकोमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय सामानीकरण अनुदान, मालपोत कार्यालयबाट प्राप्त हुने रजिष्ट्रेशन शुल्क लगायतमा उल्लेख्य कमी आउने देखिएकोले

आगामी आर्थिक वर्षका लागि कुल बजेट रु. ६ अरव ५० करोड ५ लाख ८८ हजार मात्र विनियोजन गरेको छु। यो रकम चालु आर्थिक बर्षको तुलनामा १३.३६% ले कमी हो।

२. चालु खर्च तर्फको बजेटलाई मितव्ययी, पारदर्शी र औचित्यपूर्ण रुपमा खर्च गर्ने गरी आगामी आर्थिक वर्षका लागि रु. २ अरव ४९ करोड ८४ लाख ४२ हजार विनियोजन गरेको छु। चालु आर्थिक वर्षका लागि रु. २ अरव ३१ करोड २६ लाख ५४ हजार विनियोजन भएकोमा आगामी बर्षमा सामुदायिक विद्यालयका विद्यार्थी खाजा खर्च, स्वास्थ्य केन्द्रहरुको लागि छुट्याइएको प्रशासनिक खर्च, नेपाल भाषा सहजकर्ताको लागि व्यवस्था गरिएको पारिश्रमिक, अनिवार्य दायित्वको रुपमा रहेको कर्मचारी ग्रेड वृद्धि, सेवा निवृत हुने कर्मचारीहरुको लागि कल्याण कोष (सेवा निवृत हुने कर्मचारीको संख्या उल्लेख्य रहेको ) मा हुने वृद्धि, जेष्ठ नागरिक सम्मानमा हुने खर्चको वृद्धिले चालु खर्चतर्फ चाप बढ्ने देखिन्छ।

३. महानगरपलिकाबाट साविकमा सम्पादन हुँदै आएका योजना सम्झौता लगायतका अधिकारहरु चालु आ.व.मा वडाबाटै गर्ने गरी प्रवन्ध गरिएको थियो। यस प्रयोजनका लागि नीतिगत प्रारुप तयार गर्ने र कर्मचारीहरुको सक्षमता विकास गर्ने क्रममा समय खर्चिनु परेको लगायतका कारणले अपेक्षित पुँजीगत खर्च हुन नसकेको र आगामी आर्थिक वर्षदेखि यो अवस्थामा सुधार भई पुँजीगत खर्च बढ्ने कुरामा विश्वस्त हुने आधारहरु तयार भएका छन्।

४. कतिपय ठूला आयोजनाहरु ठेक्का व्यवस्थापनको क्रममा रहेकोले आगामी वर्षमा ती योजनाहरुको कार्यान्वयनमा जाँदा पुँजीगत खर्च बढ्ने अनुमान गरिएको छ।

५. समग्रमा पुँजीगत खर्च वृद्धि गर्नका लागि संरचनागत, नीतिगत, कार्यशैलीगत पक्षहरुमा विहङ्गम सुधार एवम् परिमार्जनको आवश्यकता पर्ने महशुस गरी सो अनुसारको आवश्यक व्यवस्था मिलाइने छ।

६. पुँजीगत खर्च तर्फ आगामी आर्थिक वर्षका लागि रु. ४ अरव २१ लाख ४६ हजार विनियोजन गरेको छु। चालु आर्थिक वर्षमा पुँजीगत खर्च रु. ५ अरव १९ करोड ८ लाख ४९ हजार विनियोजन भएकोमा माथि उल्लेख भए अनुसार आर्थिक सङ्कट लगायतका कारणले कुल बजेट सीमा समेत घटेको र यसको प्रत्यक्ष असर पुँजीगत खर्चमा पर्ने भएकोले चालु आ. व.को तुलनामा २३% कमी हुने गरी बजेट विनियोजन गरिएको छ। पुँजीगत खर्चमा उल्लेख्य कमी आउने भए तापनि वडास्तरीय कार्यक्रम र विषय क्षेत्रगत कार्यक्रमका लागि चालु आ.व. मा विनियोजन भए अनुसार नै आगामी आ.व.को लागि बजेट सीमा निर्धारण भएको, सो अनुसार वडा समिति र विषय क्षेत्रगत समितिले बजेट प्रस्ताव गरी पेश गरेको र सोही बमोजिम बजेट विनियोजन गरिएको व्यहोरा समेत उल्लेख गर्न चाहान्छु। खर्च शिर्षक तथा कार्यक्रमगत रुपमा विनियोजन गरेको बजेट विवरण अनुसूची-१ मा राखिएको छ।

७. पुँजीगत खर्च वृद्धिका लागि आगामी आ.व.को वार्षिक नगर विकास योजना श्रावण १५ गतेभित्र अनिवार्य प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ।

८. आगामी आर्थिक वर्षदेखि कार्यक्रम कार्यान्वयन योजना तर्जुमा गरी सम्बन्धित कर्मचारी वा पदाधिकारीबाट रिपोर्टिङ्ग (Reporting) लिने परम्पराको थालनी गरी जवाफदेही बनाइनेछ।

९. वोलपत्र (Tender) को माध्यमबाट वस्तु/सेवा खरिदको लागि सूचना लगायतका कार्य दोस्रो त्रैमासिक भित्र गरी सक्ने गरी आवश्यक व्यवस्था मिलाइएको छ।

१०. विगतमा वोलपत्र प्रक्रियामा गएका आयोजनाहरु तथा निर्माण कार्य शुरु भइसकेका आयोजनाहरुको लागि बजेट सुनिश्चितता गरिएको छ।

११. आर्थिक बर्ष ०८०/०८१को लागि खर्च गर्नको लागि आवश्यक पर्ने महानगरपालिकाको विनियोजन विधेयक छुट्टै यस सभामा प्रस्तुत गरिएको छ।

**नगर सभा सदस्यहरु,**

अव म आगामी बर्षको लागि आवश्यक पर्ने विनियोजन रकम रु. ६ अरव ५० करोड ५ लाख ८८ हजारको लागि स्रोत व्यवस्थापन तथा आन्तरिक प्रणालीमा सुधार तथा सहुलियत सम्बन्धी प्रस्ताव पेश गर्ने अनुमति चाहान्छु।

१. **स्रोत व्यवस्थापन तर्फ संघीय सरकारबाट** रु. १ अरव ३४ करोड ४ लाख ६ हजार **बागमती प्रदेश सरकारबाट** रु. २२ करोड ७४ लाख ८२ हजार प्राप्त हुने अनुमान गरिएको छ।

२. **आन्तरिक स्रोतको रुपमा रहेको आन्तरिक आय (आन्तरिक राजस्व, मालपोत रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर आदी) बाट** रु. २ अरव ३२ करोड २० लाख सङ्कलन हुने अनुमान गरिएको छ।

१. **अन्तर सरकारी अख्तियारीबाट** ६६ करोड १५ लाख प्राप्त हुने र विकास निर्माणमा जनसहभागिता वापत ८ करोड वरावरको सहभागिता रहने अपेक्षा लिइएको छ।

२. **विनियोजन बजेटको लागि नपुग हुने** १ अरव ८६ करोड ९२ लाख नगद मौज्दातबाट व्यहोरिनेछ।

३. करका दरलाई सकेसम्म यथावत राखी दायरा वृद्धि गर्नु पर्छ भन्ने महानगरपालिका सोच अनुसार कवाडी कर सङ्कलनको लागि विज्ञबाट अध्ययन भई प्रतिवेदन प्राप्त भईसकेको हुँदा आवश्यक प्रक्रिया पुरा गरी आगामी आ.व.देखि कवाडी कर सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ।

४. करको दायरा वृद्धिका लागि यस बर्षदेखि परिचालन गरिएको कर सचेतना टोलीलाई निरन्तरता दिई राजस्व अभिवृद्धि गरिनेछ। करका दायरा वृद्धिका लागि अन्य वैकल्पिक उपायहरु/रणनीति समेत अवलम्बन गरिनेछ।

५. राजस्व प्रणालीमा सुधार र आगामी आर्थिक वर्षदेखि वडा कार्यालयबाट नै कर संकलन गरिने व्यवस्था भएकोले कर सङ्कलनमा वृद्धि हुनेछ भन्ने विश्वास लिइएको छ।

६. आगामी आर्थिक बर्षका लागि करका दरमा गरिएको परिवर्तन तथा थप/घट सम्बन्धी व्यवस्थाहरु अर्थ विद्येयकमा समावेश गरी यस सभामा पेश गरिएको छ।

**७. यस नगरसभामा प्रस्तुत नीति बमोजिम देहायका कर छुटको लागि आवश्यक व्यवस्था मिलाइएको छ।**

क. विद्युतीय सवारी साधन (Electronic Vehicle) खरिद गरेको विल पेश गर्ने करदातालाई महानगरपालिकाले लिने करमा ५% छुट दिइनेछ।

ख. निजी खाली जग्गामा जग्गाधनीसँग सम्झौता गरी नर्सरी, तरकारी, फलफूल खेती गर्ने कृषकलाई महानगरपालिकाबाट लिइने व्यवसाय करमा छुट दिइनेछ।

आगामी आ.व.को लागि प्रस्तावित आय अनुमानको विवरण अनुसूची -२ मा राखिएको छ।

**अन्त्यमा,**

महानगरपालिकाको आय व्ययको प्रस्तावित अनुमान माथि उल्लेख गरिए अनुसारको ढाँचामा छुट्टा छुट्टै समावेश गरिएको छ।

महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि लिएका नीतिहरु र बजेट तथा कार्यक्रम कार्यान्वयनबाट महानगरपालिकाको समग्र विकास निर्माण, सेवा प्रवाह तथा सुशासन कायम हुन महत्वपूर्ण सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नगरप्रमुखज्यू, ललितपुर जिल्लाबाट प्रतिनिधित्व गर्ने माननीय सांसदज्यूहरु, महानगरपालिकाका सल्लाहकारज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारी, राजस्व परामर्श समितिका पदाधिकारी, विषय क्षेत्रगत समितिका संयोजकहरु, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, शाखा/महाशाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु, सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था सहित सरोकारवाला निकायहरु, सञ्चारजगत, नागरिक समाज लगायतका सम्पूर्ण नगरवासी महानुभावहरु प्रति कृतज्ञता व्यक्त गर्दछु। यसरी नै नीति कार्यक्रम तथा बजेट कार्यान्वयनमा समेत यहाँहरुको पूर्ण सहयोग, सदभाव र अपनत्व रहनेछ अपेक्षा लिएको छु।

धन्यवाद।